# नेपाल गजेट

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, माघ १८ गते २०२२ साल


श्री ५ को सरकार

रक्षा मन्त्रालयको

सूचना

जग्गा प्राप्ति ऐन, २०१८ (संशोधनहरू सहित) को दफा ७ को उप-दफा (१) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले खण्ड १५ मिति २०२२।६।४ संख्या २३ नेपाल गजेट भाग ३ मा प्रकाशित शाही सेनाको मोटरग्यारेज बनाउने कामका लागि जग्गा प्राप्त गर्नेबारेको यस मन्त्रालयको सूचनाको दोश्रो प्रकरणमा उल्लिखित जग्गाको विवरणको सट्टा निम्नलिखित विवरण राखी संशोधन गरेको छ :-

पूर्व का. इ. धान गोदामबाट भद्रकाली आउने मूल सडक, पश्चिम तोपखानाको टहरा, उत्तर पर्ति जग्गा र दक्षिण महादेवस्थान पर्ति यति ४ किल्लाभित्रको रत्न स्थापित का. इ. वटु गुच्चा टोल १ हेरा ऐ. १ हेरा रत्न १ समेत जवान ३ का नाउँमा काठमाडौं दोश्रा मालको लगत नं. ९२ मा दर्ता भएको रोपनी २।।। दुई रोपनी बाह्रआनामध्येको रोपनी ।-। पाँच आना एक पैसा र बेखराम १ जयराम १ समेत जवान २ दुईका नाउँमा सोही काठमाडौं दोश्रा मालको लगत नं. २४० मा दर्ता भएको रोपनी १।। एक रोपनी आठ आना गरी जम्मा जग्गा रोपनी १।।।-। एक रोपनी तेह्र आना एक पैसाको जग्गा कित्ता १ एक ।

आज्ञाले-

उपरथी क्षेत्रविक्रम राणा

श्री ५ को सरकारको सचिव ।

६८८ (७)

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मदन विभाग, सिंहदरबार

४८६५

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।